## १. परिचयः

वन जंगलमा कृतिम वा प्राकृतिक कारणबाट आगो सल्किन गई वनमा रहेका प्राकृतिक ईन्धनका स्रोतलाई बाल्दै वा नस्ट गर्दै विशाल रूप लिन्छ भने त्यसलाई वन डढेलो भनिन्छ। कालिकोट जिल्लामा प्राकृतिक कारणले भन्दा पनि मानविय कारणले नै वन डढेलो हुने गरेको पाइन्छ। वन विनास यस क्षेत्रको एक प्रमूख समस्या पनि हो।

## २. डढेलोको लागी आवश्यक तत्वहरू

डढेलोको लागी मुख्यतया तिन वटा तत्वहरूको आवश्यकता पर्दछ। ति हुन् ज्वलनशिल पदार्थ, आगोको स्रोत र अक्सिजन, यि तिनै वटा तत्वहरूको उचित संयोजनबाट नै आगलागि हुने गर्दछ। वनमा ज्वलनशिल पदार्थ जस्तैः सुकेको ठुटा, पात पतिङ्गर, काठ, दाउरा आदी मा आगोको स्रोत मिल्न गइ अक्सिजनको उपस्थितमा आगलागी अर्थात् डढेलो हुने गर्दछ।

डढेलोका तत्वहरूको संयोजन भई हुने आगलागीलाई त्रिभुजको माध्यमबाट यसरी देखाउन सकिन्छ।




## ३. वन डढेलोको वर्गीकरण

### ३.१ कारण तत्वको आधारमा वन डढेलोको वर्गीकरण

#### (क) प्राकृतिक वन डढेलो

प्राकृतिक कारणबाट उत्पन्न भई लाग्ने डढेलोलाई प्राकृतिक वन डढेलो भनिन्छ। चट्याङ्ग तथा उल्का जस्तैः वनस्पति-वनस्पति, बाँस (बाँस वा ढुङ्गा ढुङ्गा बीचको घर्षण , ज्वालामूखी र सूर्यको ताप आवर्तन प्रकृयाबाट उत्पन्न हुने आगोका कारण यो डढेलो लाग्दछ।

#### (ख) कृतिम वन डढेलो

मानवीय कारणबाट लाग्ने डढेलोलाई कृतिम वन डढेलो भनिन्छ। डढेलो लाग्ने कारणका आधारमा यसलाई दुर्घटनात्मक वन डढेलो र इच्छित वन ढढेलो गरि दुई भागमा बाड्न सकिन्छ।

#### (अ) दुर्घटनात्मक वन डढेलो

मानिसको इच्छा विपरित लाग्ने डढेलोलाई दुर्घटनात्मक वन डढेलो भनिन्छ। यस्तो प्रकारको डढेलो अन्जानमा अर्थात सतर्कता नअपनाउँदा लाग्ने गर्दछ।

जस्तैः

- चुरोट बिडीका ठुटा तथा सलाई ननिभाई फाल्नाले।
- वन जगंलमा गोल पोल्दा।
- वनभोज गर्दा वा भरिया/वटुवाले खाना पकाए पछि आगो ननिभाई छाड्नाले।
- मह काट्दा वा काटी सकेपछी आगो ननिभाई फाल्नाले।
- वनसगँ जोडिएका आवादी क्षेत्रमा झाडी तथा झारपात जलाउँदा
- रातिको समयमा वन क्षेत्रमा राँको बालेर हिंड्दा।
- शिकारीको गोलीबाट निस्कने आगोको झिल्काबाट।
- अग्नी रेखा सफा गर्दा अनियन्त्रित भई वनमा फैलिदा।

#### (आ) इच्छित वन डढेलो

मानिसले आफ्नो स्वार्थ तथा निश्चित उद्देश्य पुर्तिका लागि जानि जानी लगाइने आगोलाई इच्छित वन डढेलो भनिन्छ।

यस प्रकारको डढेलो निम्न उद्देश्यहरू प्राप्त गर्न लगाईन्छ :

- राम्रो भुई घाँस उमार्न।
- वन पैदावार संकलन गर्न।
- जंगल अतिक्रमण गरी खेती योग्य जमिन बनाउन।
- शिकार खेल्न।
- खेतिबारीको मलिलोपन बढाउन।
- सुकेका काठ दाउरा निकाल्न।
- रिसिइवीका कारण।
- वन्यजन्तु भगाउन वा मार्न।
- अपराधको प्रमाण नस्ट गर्न।
- पातपतिङ्गर सफा गरी डिङडुल गर्न।

## ४. वन डढेलो बाट हुने क्षति तथा असरहरू :

#### (क) वन जंगलको विनास

- रूखहरूको क्षति।
- पुर्नउत्पादनको क्षति।
- वनको उत्पादन क्षमतामा ह्रास।
- जंगली जिवजन्तु माथिको असर।
- माटोको क्षति।

#### (ख) जैविक विविधतामा ह्रास

- वनस्पतिको विविधता ह्रास।
- जिवजन्तुको विविधतामा ह्रास।
- वन्यजन्तुको प्राकृतिक वासस्थानको विनास।

#### (ग) वातावरणको विनास

- बर्षा/मनसुनको अनियमितता तथा बाढी पहिरो।
- भुमिगत जल भण्डारमा कमी।
- वायुमण्डलीय प्रदुषणमा वृद्धि।
- हरितगृह प्रभाव बढनु।
- मौसम तथा जलवायू परिवर्तन हुनु।
- वनको मनोहर तथा मनोरञ्जनात्मक मुल्यको विनास।

#### (घ) सामाजिक तथा आर्थिक असर

- कृषि उत्पादनमा कमी।
- बाढी पहिरोवाट विनास।
- धनजनको क्षति।
- विकास निर्माण कार्यमा असर।
- वन अतिक्रमणमा वृद्धि।

## ५. डढेलो रोकथाम तथा नियन्त्रणका उपायहरू

### ५.१ डढेलो रोकथामका उपायहरू

- जनचेतना।
- सलाई/ लाईटर लिएर वन प्रवेशमा प्रतिबन्ध।
- कानुनी व्यवस्था।
- आवश्यक प्रचार संयन्त्रको व्यवस्था।
- डढेलो सम्भाब्यताको भविष्यवाणी।
- अग्नी रक्षक दलको निर्माण।
- अग्नी नियन्त्रण सम्बन्धी तालिम।
- ज्वलनशील पदार्थको अग्रिम ह्रास।

## नियन्त्रित आगो लगाउने

डढेलो सिजन शुरू हुनु भन्दा अगावै वनमा रहेका सुकेका पातपतिङ्गर, स्याउँला, झाडी जस्ता ईन्धनहरू नष्ट गरी ठुलो प्रकृतिको आगलागी हुनबाट बचाउन नियन्त्रत आगो लगाईन्छ। ज्वलनशील पदार्थको अग्रिम संकलन र दहन डढेलो सिजन शुरू हुनु अगाडी नै सुकेका पातपतिङ्गगर, स्याँउला, घाँस ,काठका टुक्राटाक्री, ठुटा, हाँगाबिगाँ जस्ता ज्वलनशील वस्तु संकलन गरी दहन गरिन्छ।

## अग्नी रेखा निर्माण तथा नियमित सफाई

वनको एक ठाउँमा लागेको डढेलो अर्को ठाउँ सम्म पुग्न नसकोस भनी वन क्षेत्रमा ५/६ मिटर चौडाईका रेखाहरू निर्धारण गरी त्यस भित्र रहेका वनस्पतिहरू हटाईन्छ र समय समयमा त्यस क्षेत्रमा थुप्रिन जाने ज्वलनशील वस्तुहरू हटाउन सफाई गरिन्छ। अग्नी रेखाहरू वन क्षेत्रको बाहिरी सिमाना र आवश्यकता अनुसार वन क्षेत्रको बिचबिचमा बनाइन्छन्। अग्नी अवरोधक हरित पेटीको स्थापना वन क्षेत्रमा वरिपरि सदाबहार, आगो सजिलै नसल्कने र सल्किहाले पनि सजिलै निभाउन सकिने खालका विरूवाहरूको विकास गरी हरित पेटी बनाईन्छ। यसले अन्यत्रबाट आकस्मिक रूपमा आएको आगो सजिलै वनक्षेत्र भित्र फैलिनबाट रोक्दछ।

## ५.२ डढेलो नियन्त्रणका उपायहरू

### (क) डढेलो निभाउनु पुर्व गर्नुपर्ने कार्यहरू

#### डढेलो पत्ता लगाउने कार्य

मानिसद्वारा वनको नियमित गस्ती गरेर, अग्नी/भ्यू-टावरको व्यवस्था गरेर।

#### सञ्चारको व्यवस्था

टेलिफोन, रेडियो, सेट, हुलाकी, देखिने वा सुनिने संकेतहरू जस्तैः घण्टा, दमाहा आदि।

#### क्रियात्मक व्यवस्थापन

डढेलो निभाउनको लागि चाहिने जनशक्ति, आवश्यक औजार , सामाग्री र उक्त स्थानसम्म पुग्न चाहिने यातायातका साधन आदिको व्यवस्था।

(क) डढेलो निभाउने उचित तरिका खोज्ने जस्तैः दिशा, हावाको वेग आदी।
(ख) पानी हालेर।
(ग) माटो वालुवाले छर्कर/छोपेर।
(घ) हरियो स्याउँला हानेर/पिटेर।
(ङ) अग्नी नियन्त्रणका साधनहरूको प्रयोग गरि नियन्त्रण गर्ने।

### (ख) प्रतिरोधी अग्नी विधि

यसमा डढेलो फैलिदै गएको दिशातिर केही दुरीको अन्तरमा तत्काल अग्नी रेखा वा यस्तै प्रकारको ज्वलनशील पदार्थ रहित सफा पेटीको निमार्ण गरिन्छ र जताबाट डढेलो आईरहेको छ त्यतैतिर फैलिने गरी आगो लगाईन्छ। यसरी लगाईएको आगो बिस्तारै बढ्दै जान्छ र मुख्य डढेलोसँग भेट हुन्छ। मुख्य डढेलो र लगाईएको आगो आपसमा भेट भएपछि ज्वलनशील पदार्थको अभावमा अगाडी बढ्न सक्दैन निभ्न पुग्दछ जसले गर्दा बाँकी वनलाई खरानी हुनबाट बचाउन सकिन्छ। यो विधि ठुलो प्रकृतिको र द्रुत गतिमा फैलिएको डढेलो निभाउन प्रयोग गरिन्छ।



"एउटा रुखबाट लाखौं सलाइका काँटि बन्न सक्छन् तर त्यही एउटा काँटिले हजारौ हेक्टर वन क्षणभरमै सखाप पार्न सक्छ । त्यसैले वन डढेलो नलाग्ने वातावरण बनाऔं यदी लागी हालेमा सबै एकजुट भई तुरुन्तै निभाऔं ।"

"पारिस्थीतिक सन्तुलन गरी, बाँच्ने बनाउ मेलो ।
वनजंगल जोगाउनु पर्छ, नलगाई डढेलो ॥ "

"डढेलोले वन, जन्तु खायो फेरियो जलवायू ।
वन जंगल संरक्षण गरि बढाऔं हाम्रो आयू ॥"

नोट : वनमा आगो लगाउने ब्यक्तिलाई नोक्सानी भएको बिगो बरावर असुल गराई ३ वर्ष सम्म कैद, रू ६०,००० ।-सम्म जरिवाना वा दुबै सजाय हुने कानुनी ब्यवस्था छ। यस्तो सजायको भागीदार नबनौं।

**थप जानकारीका लागीः**

## डिभिजन वन कार्यालय, कालिकोट

फोनः ०८७-४४०००२
वा नजिकको प्रहरी कार्यालय

Publication: 2020

ADAPTATION FUND

WFP

# वन डढेलो

एक परिचय




## मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) नेपाल

नेपालको कर्णाली क्षेत्रको खाद्य उत्पादन तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनद्वारा सिर्जित चुनौती अनुकूलन (क्याफ्स, कर्णाली) परियोजना

खाँडाचक्र नगरपालिका - १ कालिकोट, ०८७४४०१५२
hurendec@gmail.com | www.hurendec.org.np